# नेपाल विद्युत प्राधिकरण

## *विद्युत महशुल समायोजन प्रस्ताब २०७४*

### १ पृष्ठभूमी

राष्ट्रिय ऊर्जा सङ्कट निवारणको लागि एक वर्षभित्र आधारभूत रुपमा र आगामी २ वर्षभित्र पूर्णरुपमा लोडसेडिङ्ग अन्त्य गर्ने नेपाल सरकारको राष्ट्रिय ऊर्जा सङ्कट निवारण तथा विद्युत विकास दशक सम्बन्धी अवधारणा पत्र र कार्ययोजना २०७२ ले निर्दिष्ट गरेको कार्यक्रम पुरा गर्ने दायित्व प्राधिकरणको समेत रहेको छ । प्राधिकरणले ऊर्जा व्यवस्थापन गरी देशको राजधानी लगायतका नगरहरुमा लोडसेडिङ्गको अन्त्य गर्दै अन्य क्षेत्रहरुमा समेत उल्लेख्यरुपमा लोडसेडिङ्ग न्यूनीकरण गर्न सफल भएको कारण मुलुकको आर्थिक विकासका सुचकाङ्कमा उल्लेख्य सुधार भई समग्र अर्थतन्त्रमा नै सकारात्मक सुधार भएको छ ।

विद्युत उत्पादन, प्रसारण र वितरणको मुख्य जिम्मेवारी रहेको यस संस्थाले नियमित र गुणस्तरीय विद्युत आपूर्ति गर्न मध्यकालीन एवम् दिर्घकालीन कार्ययोजना तर्जुमा गरी अघि बढ्नुपर्ने भएको छ ।

नेपालमा हाल करिब ६०% ग्रीड प्रणालीमा आवद्ध विद्युत ऊर्जाको उपभोग रहेको र यसलाई समग्र मुलुक भर सेवा विस्तार गरी विद्युत सेवाको पहुँच समग्र जनतामा पुऱ्याउन र हालको प्रतिव्यक्ति ऊर्जा खपत (१३२kWh जुन दक्षिण एशियाकै न्यून रहेको) लाई अन्य सार्क मुलुकका जनताको उपभोग सरह पुऱ्याउन समेतका लागि सम्बद्ध निकायसँग समन्वय र सहकार्य गर्दै कार्यान्वयन गर्नुपर्ने भएको छ ।

यसका लागि विद्युत क्षेत्रको अग्रणी संस्थाका रुपमा काम गरेको यस नेपाल विद्युत प्राधिकरण घाटाबाट नाफाको अवस्थामा पुऱ्याई एउटा सक्षम र सबल संस्थाको रुपमा रुपान्तरण गर्नका लागि नेपाल विद्युत प्राधिकरणको वित्तीय एवम् सङ्गठनात्मक पुनर्संरचना र सुधार गरी अगाडी बढाउनुपर्ने भएको छ ।

प्राधिकरणको वित्तीय सुधारको लागि विगतमा नेपाल सरकारबाट पहिलो पटक गरिएको आर्थिक पुनःसंरचना २०६५ को प्रतिवेदन स्वीकृत भई लागू हुदाँ केही बुँदाहरु कार्यान्वयन भएपनि अधिकांश बुदाँहरु कार्यान्वयन हुन नसक्दा प्राधिकरणको वित्तीय स्वास्थ्यमा अपेक्षाकृत सुधार हुन सकेन । प्राधिकरणको वित्तीय अवस्था सुधार गर्न पुनः दोस्रो पटक आर्थिक पुनःसंरचना २०७४ तयार गरी नेपाल सरकार समक्ष पेश भएकोमा उक्त प्रस्ताव उपर नेपाल सरकाले अन्तर निकायका प्रतिनिधि सहितको समिति गठन गरि उक्त समितिबाट सिफारिस भएका बुदाँहरुमध्ये नेपाल सरकार मन्त्रि परिषदको मिति २०७४।२।९ को बैठकबाट देहाय बमोजिम हुनेगरी स्वीकृति प्राप्त भएको छः

१. नेपाल विद्युत प्राधिकरणले भविष्यमा गर्नुपर्ने लगानी समेतलाई विश्लेषण गर्दा अधिकृत पुँजी (Authorized Share Capital रु. १२५ अर्ब कायम गर्न स्वीकृत दिने ।
२. नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६८।९।१८ को पूर्व निर्णयानुसार बैदेशिक अनुदान अन्तर्गत प्राप्त सहायतालाई शेयर लगानीको रुपमा कायम गर्न स्वीकृती दिने ।

३. विद्युत उत्पादन प्रसारण तथा वितरणका लागि प्राप्त वैदेशिक तथा स्वदेशी ऋणको निर्माण अवधिको व्याज निर्माण सम्पन्न भएपछि मात्र आयोजनाहरुबाट प्राप्त हुन सक्ने भएकाले नेपाल सरकार मन्त्रिपरिषदको मिति २०६८।९।१८ को पूर्व निर्णयानुसार नेपाल सरकाले गरेको लगानीको हकमा मात्र व्याज रकमलाई शेयर लगानीमा परिणत गर्ने र आगामि दिनमा पनि सोही अनुसार गर्ने ।

४. टनकपुर परियोजनाबाट नेपाल सरकारलाई प्राप्त भएको निःशुल्क विद्युत निर्धारित दररेट अनुसार नेपाल विद्युत प्राधिकरणले खरिद गरेकोले सो बापत आ.व. ०७२/७३ सम्म भुक्तानी गर्न बाँकी रकम रु. २ अर्ब ९५ करोड शेयर पूँजीमा परिणत गर्न स्वीकृती दिने ।

५. नेपाल सरकारको आन्तरिक स्रोततर्फको ऋणको व्याजदर बार्षिक ५ प्रतिशत कायम गर्ने ।

६. भारतबाट विद्युत आयात गर्दा नेपाल विद्युत प्राधिकरणलाई भएको नोक्सानी बापत नेपाल सरकारले उपलव्ध गराएको सोधभर्ना रकम सञ्चालन अनुदानमा लेखाङ्कन गर्न स्वीकृती दिने ।

७. आ.व. ०७३/७४ सम्मको सरकारी कार्यालयको विद्युत महशुल बक्यौता रकम र शीत भण्डार, दुग्ध चिस्यान केन्द्र र जुट उद्योगलाई विद्युत महशुलमा अनुदान दिने नेपाल सरकारको नीति अनुरुप उपलव्ध गराउन बाँकी अनुदान आधिकारिक निकायबाट प्रमाणित गराई सम्बन्धित मन्त्रालयले नेपाल विद्युत प्राधिकरणलाई भुक्तानी गर्ने । नगरपालिका र गा.वि.स.को सडक बत्तीको बक्यौता सन्दर्भमा आगामी आ.व. ०७४/७५ देखि विद्युत महशुल स्थानीय तहबाट बुझाउने सुनिश्चित भएपछि आ.व. ०७३/७४ सम्मको प्रमाणित बक्यौता रकम नेपाल सरकारले नेपाल विद्युत प्राधिकरणलाई उपलव्ध गराउने ।

८. ग्रामीण विद्युतीकरणबाट प्राधिकरणलाई व्यावसायिक रुपमा कुनै फाइदा नहुने र नेपाल सरकारको दायित्व समेत भएको हुँदा नेपाल सरकारबाट ग्रामीण विद्युतीकरणको लागि दिइने रकम ऋणको सट्टा शेयर लगानी गर्ने ।

विघुत प्राधिकरणले उल्लेख्य मात्रामा विद्युत चुहावट नियन्त्रण गर्ने कार्यतालिका सहितको लक्ष्य निर्धारण गरी सो बमोजिमका विभिन्न क्रियाकलापहरु सञ्चालन गरेको परिणामस्वरुप करिब ३ प्रतिशत विघुतको चुहावट घटेको छ । यसबाट पनि आपूर्ति व्यवस्थापन गर्न थप सहज भएको छ ।

ऊर्जा सङ्कट निवारण तथा विद्युत विकास दशक कार्ययोजना, २०७२ ले निर्दिष्ट गरेका विषयहरु कार्यान्वयन गर्ने सिलसिलामा सङ्गठनात्मक पुनर्संरचना अन्तर्गत नयाँ विद्युत आयोजना विकास एवं निर्माण गर्नका लागि प्राधिकरणले विभिन्न जलविघुत उत्पादन तथा सेवा सञ्चालन गर्ने विद्युत व्यापार र इन्जिनियरिङ्ग लगायतका सहायक कम्पनीहरु स्थापना गरिसकेको छ ।

ग्राहकलाई विद्युत सर्वसुलभ हुनेगरी वितरण व्यवस्थापन गर्न आवश्यक परिमाणमा विद्युत ट्रान्सफमर्मर, विद्युत मिटर, तार, पोल आदि खरिद कार्य अगाढि बढाइसकेको छ । देशमा विद्युत प्रसारणका लागि विद्युत लाइन कोरिडोर आयोजना र विभिन्न क्षेत्रमा विभिन्न क्षमताका प्रसारण लाइन निर्माण कार्यलाई द्रुत गतिमा अगाढि बढाइएको छ । यसै क्रममा विगत लामो समयदेखि अवरुद्ध विभिन्न प्रसारण लाइनहरुका निर्माण कार्य सम्पन्न भई विद्युत आपूर्ति सहज भएको छ ।

देशको विद्युतको माग करिब १५०० मेगावाट र आपूर्ति ९०० मेगावाट मात्र रहेको छ । बर्षेनी १०% का दरले बढ्दो विद्युतको माग पूरा गर्न आन्तरिक उत्पादनको अतिरिक्त आयातमा थप वृद्धि गरी

आपूर्ति बढाइएको छ । नेपालमा आगामी ४ वर्षको विद्युतको माग र आपूर्तिको अवस्था निम्नानुसार रहन जाने देखिन्छः

| | सन् २०१७ | सन् २०१८ | सन् २०१९ | सन् २०२० |
|---|---|---|---|---|
| System Peak Load(MW) | १५५९ | १७४२ | १९०३ | २०७१ |
| विद्युत माग (GWh) | ७४९१ | ८२८७ | ९०७० | ९८९० |
| आपूर्ति (GWh) | ६१९० | ७४४३ | ९०७० | ९८९० |
| न्यून (GWh) | १३०१ | ८४४ | - | - |

उल्लिखित माग पूरा गर्न निम्नबमोजिमको उत्पादन एवम् खरिद गरी आपूर्ति गरिनेछः

| | | | | |
|---|---|---|---|---|
| प्राधिकरणको उत्पादन (GWh) | २३१६ | २४५६ | २५५५ | ३०४५ |
| निजी क्षेत्र(GWh) | १७५३ | २४२५ | ५७३० | ६५९० |
| आयात (GWh) | २१२१ | २५६२ | ७८५ | २५५ |

ने.वि.प्रा. को विद्युत महशुल पछिल्लो पटक २०७३ भाद्रको बिलिङ्ग देखि करिब १९% वृद्धि समायोजन हुनेगरी निर्णय भए तापनि यथार्थमा करिब १४.५% मात्र वृद्धि भएको देखिन्छ ।

निजी विद्युत उत्पादकलाई तिर्नुपर्ने विद्युत मूल्यमा हुने नियमित वृद्धि (Escalation) एवम् भारतबाट थप विद्युत आपूर्ति गर्दा तिर्नुपर्ने विद्युत खरिदको खर्चमा थप वृद्धि भइरहेको छ । यसको साथै औषत मुद्रास्फिती दर (Inflation Rate), निर्माण सामाग्री एवम् अन्य नियमित खर्च र प्राधिकरणको उत्पादनमा लाग्ने खर्च वृद्धिको कारण लागत खर्चमा बढोत्तरि हुन गई विद्युतको लागत मूल्यमा वृद्धि भइरहेको छ । प्राधिकरणको बढ्दो लागतको तुलनामा विगतमा नियमित रुपमा विद्युत महशुल समायोजन हुन नसक्दा आ.व. २०७२/०७३ सम्म सञ्चित नोक्सानी रु. ३४ अर्ब, ६१ करोड हुन गएको छ । आ.व. २०७३/७४ मा विद्युतको औषत लागत रु. ११।३१ को तुलनामा बिक्री महशुल औषत रु. ९।७५ मात्र हुने हुदाँ करिब लागतको १६% न्यून महशुल कायम भएको कारण प्राधिकरणले सेवा सञ्चालन गर्न र थप नयाँ आयोजनाहरु विकास एवं निर्माण गर्न थप कठिनाई भइरहेको छ ।

नेपाल सरकार राष्ट्रिय ऊर्जा सङ्कट निवारण तथा विद्युत विकास दशक सम्बन्धी अवधारणा-पत्र २०७२ ले ने.वि.प्रा. लाई निर्दिष्ट गरेको उद्देश्य पूरा गर्न पनि प्राधिकरणको अहम् भुमिका/जिम्मेवारी पूरा गर्न जलविद्युत आयोजनाहरुको विकास, प्रसारण प्रणाली एवम् वितरण प्रणाली सञ्चालनको विकास गरी प्राधिकरणको कृयाकलापमा सुधार गर्न लगानी वृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ । प्राधिकरणले हाल तयार गरेको वित्तीय सुधार कार्ययोजनामा आफ्नो कार्य दक्षतामा सुधार गर्दै वित्तीय पुनःसंरचनाको माध्यमबाट सबल र सक्षम संस्था निर्माण गर्ने कार्ययोजनाअन्तर्गत विद्युत महशुललाई समयसापेक्ष बनाई वित्तीय सुधार गर्नुपर्ने भएको छ ।

विद्युत महशुल समायोजन सालवसाली हुने सुत्र स्वीकृत हुन नसकेको कारण समयानुकुल विद्युत महशुल समायोजन हुन नसक्दा प्राधिकरणको वित्तीय अवस्था सुध्रिन सकेको छैन । विद्युत महशुल निर्धारण नियमावलीमा भएको व्यवस्था बमोजिम विद्युतको महशुल दर, उपभोक्ता मूल्य सूचीको परिवर्तन, विद्युत उत्पादनको सीमान्त लागत, विद्युतको माग व्यवस्थापन, प्राधिकरणको ह्रासकट्टी दर एवम रोयल्टी आदि समेतको आधारबाट विद्युत महशुललाई समयसापेक्ष रुपमा समायोजन गर्न आवश्यक भएकोले ने.वि.प्रा.ले विद्युत महशुल निर्धारण आयोगसमक्ष अनुरोध गर्नुपर्ने भएको हो ।

(क) <u>नेपाल विद्युत प्राधिकरणको सञ्चालन अवस्थाः</u>

नेपाल विद्युत प्राधिकरणको सामुदायिक तथा थोक ग्राहक समेत गरी हाल करिब ३२ लाख ६७ हजार ग्राहक रहेका छन् । कुल ग्राहक सँख्याको ९४.१५% ग्राहक गार्हस्थ वर्गमा छन् । आ.व. २०७३/७४ मा राष्ट्रिय विद्युत प्रणालीमा कुल प्राप्त ऊर्जामध्ये प्राधिकरणको उत्पादन क्षमता २३१६GWh, भारतबाट आयात २१२ GWh र निजी क्षेत्रको १७५३ GWh भई उपलव्ध विद्युत ६१९० GWh हुने र सो को बिक्री गर्न सकिने ऊर्जा ४७७३ GWh रहेको छ । विद्युतको माग व्यवस्थापन गर्न आन्तरिक उत्पादनको अतिरिक्त भारतबाट केही थप ऊर्जा आयात गरी एष्अप समयमा उद्योग बाहेक अन्य क्षेत्रमा लोडसेडिङ्ग अन्त्य गरिएको छ ।

प्राधिकरणले हालको विद्युत उत्पादनमा वृद्धि गर्नुपर्ने, उपयुक्त क्षमताका प्रसारण लाईन तथा सब-स्टेशन निर्माण गर्नुपर्ने, गुणस्तरीय वितरण प्रणालीको विकास गर्नुपर्ने, ग्रामीण विद्युतीकरणको कार्यक्रम सञ्चालन गर्नुपर्ने, चुहावट नियन्त्रण गरी आफ्नो सेवा प्रवाहमा सुधार गरी प्रभावकारी बनाउने आदि जस्ता क्षेत्रमा थप कार्य गरी अझ सुधार गर्नुपर्ने आवश्यकता रहेको छ । यस चुनौतीपूर्ण जिम्मेवारी पूरा गर्नका लागि ने.वि.प्रा.लाई आगामी दिनमा विद्युत उत्पादन, प्रसारण र वितरण सम्बन्धि कार्यलाई थप सुदृढ र व्यवस्थित गरी आम उपभोक्ताको भावना बमोजिम सुरक्षित, गुणस्तरीय र भरपर्दो विद्युत सेवा उपलव्ध गराउन सम्बन्धित सबै क्षेत्रबाट सहयोगको समेत खाँचो रहेको छ ।

(ख) <u>प्राधिकरणको विद्युत सेवाको लागत (Cost of Service)</u>

प्राधिकरणको विगत ३ वर्षको विद्युत उपलव्धता र बिक्रीबाट प्राप्त आम्दानी र खर्च एवम् आगामी वर्ष (बजेटको आधारमा) नेपाल विद्युत प्राधिकरणको विद्युत सेवाको लागत यस प्रकार रहेको छः

| क्र.सं. | विवरण | आ.व. | | | |
|---|---|---|---|---|---|
| | | २०७४/७५ बजेटको आधारमा | २०७३/७४ | २०७२/७३ | २०७१/७२ |
| १ | उपलव्ध विद्युत (GWh) | ७४४३ | ६१९० | ५०७७ | ५००६ |
| २ | बिक्री (GWh) | ५८१३ | ४७५३ | ३७६८ | ३७८३ |
| ३ | चुहावट युनिट (GWh) | १६३० | १४१८ | १३०९ | १२२३ |

| क्र.सं. | विवरण | आ.व. | | | |
|---|---|---|---|---|---|
| | | २०७४/७५ बजेटको आधारमा | २०७३/७४ | २०७२/७३ | २०७१/७२ |
| ४ | चुहावट प्रतिशत | २१.९० | २२.९० | २५.७८ | २४.४४ |
| ५ | जम्मा आय (हजारमा) | ५६७०७१४९ | ४६५३२८५९ | ३२४७३९७९ | ३३२८५०३२ |
| ६ | विक्रि मूल्य (प्रतियुनिट) | ९।७६ | ९।७५ | ८।६२ | ८।१४ |
| ७ | कर्मचारी खर्च (हजारमा) | ८०९८८१७ | ६८६५७५४ | ५३५६६६२ | ५४६५०८७ |
| ८ | वस्तु/सेवा खर्च(हजारमा) | २५३६५०० | १७९१९६८ | ९२०३७६ | ४९१३७५ |
| ९ | सञ्चालनर/सम्भार खर्च (हजारमा) | ३९७४८४६ | ३१४३७९२ | २४९५६९० | २१४७१२८ |
| १० | प्रशासनिक खर्च (हजारमा) | १०१६७५३ | ९१२३०२ | ५४४९१३ | ५५३६०० |
| ११ | विद्युत खरिद (Power Purchase) (हजारमा) | ३९६६९००० | २८८५७३४१ | २२३३२३९२ | १९२१०१९३ |
| १२ | रोयल्टी (हजारमा) | १४५७५०० | ९९७५०० | ९९७५०० | ८९२४६० |
| १३ | ह्रास कट्टी (हजारमा) | ४५०५००० | ३८०१५८६ | ३५५४३५९ | ३४४८१५० |
| १४ | अन्य खर्च (हजारमा) | २५६२५०० | २५६२५०० | २१००००० | २०५०००० |
| १५ | व्याज र बैंक खर्च (हजारमा) | ४०१४३८८ | ४९९६३८७ | ५०७९७२८ | ४६७०२१४ |
| १६ | विदेशी विनिमय सटही (हजारमा) | ५०००० | ५०००० | ७४६४८३ | (५२७१७५) |
| १७ | जम्मा खर्च (हजारमा) | ६७८८७२०४ | ५३५७९१२९ | ४३९६३७३७ | ३८४०५०३२ |
| १८ | लागत (प्रतियुनिट रु.) | ११।६८ | ११।३१ | ११।६७ | १०।१५ |
| १९ | प्रतियुनिट लागतमा | १।९२ | १।५६ | ३।०५ | २।०१ |

| क्र.सं. | विवरण | आ.व. | | | |
|---|---|---|---|---|---|
| | | २०७४/७५ बजेटको आधारमा | २०७३/७४ | २०७२/७३ | २०७१/७२ |
| | नोक्सान रु. | | | | |
| २९ | सञ्चालन विन्दुमा भएको घाटा पूर्ति गर्न आवश्यक पर्ने प्रतिशत | २० | १६ | ३५ | २५ |

(ग) <u>प्राधिकरणको वित्तीय अवस्थालाई असर पार्ने प्रमुख तत्वहरुः</u>

नेपाल विद्युत प्राधिकरण घाटामा जानुको मुख्य कारण समयानुसार विद्युत महशुलदर समायोजन हुन नसक्नु हो । बिगतमा ११ वर्षपछि २०६९ सालमा करिब २०% ले वृद्धि हुँदा नोक्सानी पूर्ति हुन नसकेको र सो को ४ वर्षपछि २०७३ भाद्रदेखि भएको वृद्धिले पनि ने.वि.प्रा.मा बढदैगएको नोक्सानीको घाटा पूर्ति हुन सकेन ।

आ.व. २०७३/७४ मा उपलव्ध हुने कुल विद्युतमध्ये नेपाल विद्युत प्राधिकरणको उत्पादन ३७% रहेको, निजी क्षेत्रबाट हुने उत्पादन २८% र आयात ३५% रहेको छ । प्राधिकरणको आन्तरिक उत्पादनबाहेकको करिब ६३% विद्युत आपूर्तिको लागि कुल विद्युत बिक्री महशुलको ठूलो हिस्सा विद्युत खरिदको लागि भुक्तानी हुनेगरेको छ ।

प्राधिकरणको हालको प्रति युनिट विद्युतको औषत लागत रु. ११.३१ को तुलनामा विद्युत बिक्री महशुल औषत रु. ९.७५ मात्र भएको हुँदा प्रतियुनिट रु. १.५६ ले नोक्सानी व्यहोर्नु परेको छ । आन्तरिक उत्पादनले माग धान्न नसकी आपूर्ति बढाउदा निजी क्षेत्रको विद्युत खरिदको साथै भारतबाट अतिरिक्त थप विद्युत खरिद गरि आपूर्ति बढाउदा थप लागत बढन गएको छ ।

प्राधिकरणको वित्तीय अवस्थालाई असर पार्ने प्रमुख कारकहरुमा आफ्नो उत्पादनको अनुपात कम हुनु, चुहावटको प्रतिशत पनि करिब २५% को हाराहारीमा रहनु, विद्युतको प्रभावकारी खरिददर बिक्रीदर भन्दा बढी रहनु, सरकारी कार्यालय, सडकबत्ती, शीतभण्डार, दुग्ध चिस्यान केन्द्रको महशुल बक्यौता रहिरहनु आदि मुख्य कारण हुन । जस्को कारण प्राधिकरणको आयमा प्रत्यक्ष असर पर्न गई नगद प्रवाहमा समेत कठिनाइ भएको छ ।

प्राधिकरणको विद्युत चुहावट विगत ७/८ वर्षदेखि करिब २५% भन्दा माथि रहेकोमा यस आ.व.मा विद्युत चुहावट करिब ३% ले घट्न गएकोछ ।

प्राधिकरणको वित्तीय स्वास्थ्य (Financial Health) सुधार गर्न विद्युत महशुललाई लागत सिद्धान्त (Cost Plus) बमोजिम समायोजन गरी हाल भइरहेको सञ्चालन खर्चलाई Break Even मा ल्याउन र आफ्नो योजना मुताबिक कार्यक्रम सञ्चालन गरी व्यावसायिक निरन्तरताको लागि समेत थप बजेट आवश्यकता रहेको छ । त्यसैगरी प्राधिकरणको मध्यकालीन एवम् दीर्घकालीन प्रक्षेपणअनुसार Generation, Transmission र Distribution Plan बमोजिम आवश्यक पर्ने पुँजी लगानी गर्ने र ने.वि.प्रा. एवम् सहायक कम्पनी

सञ्चालनको लागि समेत आवश्यक पर्ने Matching Fund जुटाउन पुँजी निर्माणको स्रोत बढाउनुपर्ने भएको छ ।

(घ) प्रतियुनिट लागत रु.११.३१ को तुलनामा ग्राहक वर्गीकरण अनुसारको आयमा नाफा/नोक्सानः

| | प्रति युनिट आय(रु) | विद्युतको खपत (%) | आय रकम (%) | लागतको तुलनामा नाफा/नोक्सान |
|---|---|---|---|---|
| ग्राहस्थ्य | ९.६८ | ४४.८८ | ४२.५० | -१७ |
| औद्योगिक | ९.८२ | ३६.१५ | ३४.७३ | -१५ |
| गैह्र व्यापारिक | १६.९० | ३.४९ | ५.७७ | ३२ |
| व्यापारिक | १५.५० | ८.०३ | १२.१८ | २७ |
| सामुदायिक थोक ग्राहक | ४.६६ | २.७५ | १.२५ | -१४२ |
| औषत | ९.७५ | - | - | |

नेपाल विद्युत प्राधिकरणको आन्तरिक विद्युत उत्पादन बढ्न नसक्दा बढ्दो मागलाई धान्न बाह्य स्रोतको भर पर्दा निजी विद्युत उत्पादक एवम् विद्युत आयातमा तिर्नुपर्ने विद्युत खर्चमा वृद्धि, मुद्रास्फिती (Inflation Rate) दर, ज्यालदर, डिजेल, ग्यास लगायत निर्माण सामाग्रीहरुमा भएको मूल्य वृद्धि आदिबाट प्रशासकीय तथा सञ्चालन-सम्भार खर्चका निरन्तर वृद्धि भइरहेहको कारण बिगतका मूल्य समायोजनले खर्च धान्न नसकी निरन्तर घाटामा नै सञ्चालन गर्नुपर्ने अवस्था रहेको छ । यसका साथै प्राधिकरणले विद्युतीकरण लगायतका कार्य विस्तार गरिरहेको एवम् उत्पादन, प्रसारण तथा वितरण तर्फका कार्यलाई निरन्तरता दिइरहेको जस्ता कारणले ने.वि.प्रा. को वित्तीय अवस्था हालको खर्च मितव्ययिताको बावजुद पनि निरन्तर घाटामा नै सञ्चालन गरिरहनु परेको छ । जसबाट ने.वि.प्रा.ले उपयुक्त क्षेत्रमा लगानी गर्ने अवसर समेत गुमाइरहनु परेको छ । यसरी वित्तीय अवस्था कमजोर हुँदा स्रोत परिचालन गर्न नसकी संस्थाको लागि आवश्यक पर्ने Financial Covenants पूरा हुन सकेका छैनन् । विश्व बैंक, एशियाली विकास बैंक आदि जस्ता अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरुसँग गरिएको सम्झौता अनुसार Rate of Returns 6% Self Financial Ratio २३% आदि जस्ता सुचकांकहरु समेत पूरा भएनन । साथै प्राधिकरणको संस्थागत योजनाको कार्यक्रम समेत कार्यान्वयन हुन सक्ने अवस्था भएन ।

प्राधिकरणको वित्तीय अवस्था सुधार गर्न वित्तीय पुनर्संरचना गर्नुपर्ने विभिन्न क्षेत्रगत सुधारका अतिरिक्त ग्राहकको विद्युत महशुल समसामयिक बनाई समायोजन गर्ने विषय एक मुख्य आधारको रुपमा रहेको छ । नेपाल विद्युत प्राधिकरण घाटामा सञ्चालन हुनुको मुख्य कारण नै विद्युत महशुलदर समयमै समायोजन हुन नसक्नु हो । जसको कारण ने.वि.प्रा. लगातार घाटामै सञ्चालन भई सञ्चिति नोक्सानी बढ्दै जाँदा प्राधिकरणको आर्थिक अवस्था खस्किन पुग्यो ।

## २ ने. बि. प्रा. संचालक समितिको निर्णय

प्राधिकरणको वित्तीय सुधारका लागि प्रस्ताव गरिए बमोजिम विद्युतको समय सापेक्ष लागतको आधारमा विद्युत महशुल निर्धारण गर्न नेपाल विद्युत प्राधिकरण संचालक समितिको मिति २०७४।०३।२९ को ७५७औं बैठकबाट स्वीकृत भए अनुसार महशुल समायोजनका लागि श्री विद्युत महशुल निर्धारण आयोग समक्ष दरखास्त पेश गरिएको ब्यहोरा अनुरोध छ ।

विद्युत महशुल, अन्य दस्तुर तथा सेवा शुल्क एवं महशुल सुत्र निर्धारण बारे देहाय बमोजिम गर्ने

१. संलग्न अनुसुची - १ र १(क) बमोजिम विद्युत महशुल र अनुसूची-२ बमोजिम अन्य दस्तुर तथा सेवा शुल्क निर्धारण गर्ने स्वीकृतिका लागि विद्युत महशुल निर्धारण आयोग समक्ष अनुरोध गर्ने ।

२. विद्युत महसुल निर्धारण नियमावली, २०५० को नियम ६ बमोजिम प्रत्येक वर्ष स्वतः विद्युत महशुल दर परिवर्तन हुने उपयुक्त सुत्र (Formula) निर्धारण गरिदिने व्यवस्थाका लागि विद्युत महशुल निर्धारण आयोग समक्ष अनुरोध गर्ने ।